**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज 11 बजे आकाशवाणीको **'मन की बात'** कार्यक्रममा देश, विदेशक श्रोताहरु सित आफ्नो विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको 131 औ संस्करण हो।
- प्रधानमंत्री नरेंद्र मोदीले आज मेरठको शताब्दी नगर नमो भारत स्टेशनमा मेरठ मेट्रो अनि नमो भारत ट्रेनलाई हरियो झंडा दिखाएर प्रस्थान गराउनु हुनेछ। उहाँले मेरठ दक्षिण स्टेशन सम्म मेट्रोको यात्रा पनि गर्नु हुनेछ।
- राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रपति भवनमा ब्राजीलका राष्ट्रपति लुइज़ इनासियो लूला दा सिल्वाको स्वागत गर्नु भयो अनि उहाँको सम्मानमा भोजको आयोजना गर्नु भयो।
- दिल्ली पुलिसको **खुफिया शाखा ले** तमिलनाडु पुलिसको समन्वय सित हिज तमिलनाडुको तिरुपुर जिल्लामा छ बांग्लादेशी नागरिकहरुलाई पक्राउ गर्यो।
- आईसीसी टी–२० विश्वकप क्रिकेटको सुपर ८ चरणको आफ्नो पहिलो खेलमा आज भारत र दक्षिण अफ्रिकाबीच प्रतिस्पर्धा हुँदैछ। खेल अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा साँझ ७ बजेदेखि सुरु हुनेछ।

**पीएम- मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदी आज 11 बजे आकाशवाणीको **'मन की बात'** कार्यक्रममा देश, विदेशक मानिसहरु सित आफ्नो विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको 131 औ संस्करण हो। कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ ऑन ए आई आर मोबाइल ऐपमा गरिनेछ। यसको सीधा प्रसारण ए आई आर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिनेछ। आकाशवाणीबाट हिंदी प्रसारण पछि क्षेत्रीय भाषाहरुमा पनि यस कार्यक्रमको प्रसारण गरिनेछ।

**पीएम मेरठ**

प्रधानमंत्री नरेंद्र मोदीले आज मेरठको शताब्दी नगर नमो भारत स्टेशनमा मेरठ मेट्रो अनि नमो भारत ट्रेनलाई हरियो झंडा दिखाएर प्रस्थान गराउनु हुनेछ। उहाँले मेरठ दक्षिण स्टेशन सम्म मेट्रोको यात्रा पनि गर्नु हुनेछ। त्यस पछि श्री मोदीले लगभग 12 हजार 9 सय 30 करोड़ रुपियाको विभिन्न विकास परियोजनाहरुको उद्घाटन गर्नु हुनेछ अनि राष्ट्रलाई समर्पित गर्नु हुनेछ। यस अवसरमा प्रधानमंत्री मोदीले एउटा सभालाई पनि संबोधन गर्नु हुनेछ।

**राष्ट्रपति द्रौपदी मुर्मू - ब्राजील राष्ट्रपति- मिलन**

राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रपति भवनमा ब्राजीलका राष्ट्रपति लुइज़ इनासियो लूला दा सिल्वाको स्वागत गर्नु भयो अनि उहाँको सम्मानमा भोजको आयोजना गर्नु भयो।

राष्ट्रपतिले एआई इम्पैक्ट समिटमा उहाँको भागीदारी र बहुमूल्य योगदानको लागि उहाँलाई धन्यवाद दिनु भयो। राष्ट्रपति मुर्मूले पछिलो वर्ष ब्राजीलमा आयोजित ब्रिक्स अनि कॉप-30 शिखर सम्मेलनहरुको सफल आयोजनको लागि पनि उहाँलाई बधाई दिनु भयो। भारत-ब्राजील रणनीतिक साझेदारीले धेरै क्षेत्रमा निरंतर प्रगति गरिरहेकोमा खुसि व्यक्त गर्नु भयो, जसमा व्यापार अनि निवेश, रक्षा, तेल अनि गैस, जैव-ईंधन, कृषि तथा पशुपालन, स्वास्थ्य देखभाल अनि पारंपरिक चिकित्सा, अंतरिक्ष, विज्ञान अनि प्रौद्योगिकी, डिजिटल सहयोग, र साइबर सुरक्षा जस्ता क्षेत्र शामिल छन्।

**भारत-ब्राजील व्यापार 30 अरब डॉलर**

भारत र ब्राजिलले सन् 2030 सम्ममा द्विपक्षीय व्यापारलाई 20 अर्ब डलरबाट बढाएर 30 अर्ब डलर पुर्याउने महत्वकांक्षी लक्ष्य राखेका छन् । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाको भारत भ्रमणका क्रममा यस्तो निर्णय गरिएको विदेश मन्त्रालयका सचिव पी कुमारनले जानकारी दिनु भयो । ब्राजिलका राष्ट्रपतिको भारत भ्रमणका बारेमा विदेश मन्त्रालयले आयोजना गरेको विशेष ब्रिफिङमा कुमारनले सिल्भाको विश्वास थियो कि पहिलेको लक्ष्य पर्याप्त महत्वाकांक्षी थिएन, त्यसैले उहाँले ठूलो लक्ष्य प्रस्ताव गरे। दुवै देशहरू तेल, ग्याँस र नवीकरणीय ऊर्जा, ब्राजिली उपग्रहहरूको प्रक्षेपण र उपग्रहहरूको संयुक्त निर्माण, जैविक ईन्धन र दिगो उड्डयन ईन्धन, कृषि, पशुधन र स्वास्थ्य सेवा साथै योग सहित विभिन्न क्षेत्रहरूमा सहयोग बढाउन इच्छुक छन्। यो कदमले भारत र ब्राजिलबीचको सम्बन्धलाई बलियो बनाउने र आर्थिक वृद्धिलाई बढावा दिने अपेक्षा गरिएको छ।

**भारत-ब्राजील समझौता**

भारत र ब्राजिलले **औषधि** र चिकित्सा उत्पादन नियमनको क्षेत्रमा द्विपक्षीय सहयोगलाई बलियो बनाउनका लागि एक समझदारी पत्रमा हस्ताक्षर गरेको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि भारतको केन्द्रीय औषधि मानक नियन्त्रण संगठन र ब्राजिलको स्वास्थ्य नियामक एजेन्सी बीच नियामक प्रक्रियाहरूमा एकरूपतालाई बढावा दिन, नियामक प्रणालीहरूको समन्वय बढाउन र चिकित्सा उत्पादनहरूको प्रभावकारी र समन्वित निगरानीको सुविधा प्रदान गर्न एक समझदारी आदान प्रदान गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र ब्राजिलका राष्ट्रपति लुइस इनासियो लुला डा सिल्भाको उपस्थितिमा सम्झौतापत्रमा ब्राजिलका लागि भारतीय राजदूत दिनेश भाटिया र ब्राजिलको स्वास्थ्य नियामक एजेन्सीका निर्देशक तथा सह-अध्यक्ष लियान्ड्रो सफाटलेले हस्ताक्षर गरेका हुन् । यो सम्झौताको आदान-प्रदानले दुवै देशका जनताका लागि सुरक्षित, प्रभावकारी र गुणस्तरीय औषधि तथा चिकित्सा उत्पादनहरूको उपलब्धता सुनिश्चित गर्ने साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

**उपराष्ट्रपति - पुस्तक विमोचन**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले हिज नयाँ दिल्लीमा 'अटल बिहारी वाजपेयी: द इटरनल स्टेट्समैन' नामक पुस्तकको विमोचन गर्नु भयो । यस अवसरमा उहाँले यो पुस्तक भारत रत्न अटल बिहारी वाजपेयीलाई एक उपयुक्त श्रद्धांजलि रहेको बताउनु भयो । श्री राधाकृष्णनले भन्नु भयो यो प्रकाशन मात्र तस्वीरहरुको संग्रह नभई अटल बिहारी वाजपेयीको जीवन अनि विरासतको उत्सव हो, जसले राष्ट्रलाई प्रेरित गरि रहने छ । श्री वाजपेयी सित आफ्नो व्यक्तिगत जुड़ावलाई याद गर्नु हुदै, श्री राधाकृष्णनले भानु भयो उहाँलाई वाजपेयीको प्रधानमंत्री कार्यकाल अवधि लोकसभा सदस्यको रूपमा सेवा गर्ने सौभाग्य प्राप्त भएको थियो । उपराष्ट्रपतिले अटल बिहारी वाजपेयीको सांसद देखि प्रधानमंत्री सम्मको यात्रा भारतीय लोकतंत्रको शक्तिलाई दर्शाउने कुरोमा पनि जोर दिनु भयो ।

**(बाइट - सी.पी. राधाकृष्णन)**

राजनीतिज्ञको नेतृत्वको प्रमुख उपलब्धिहरु माथि प्रकाश पार्नु हुदै, उपराष्ट्रपतिले पोखरण परमाणु परीक्षण अनि दिल्ली मेट्रो जस्ता दूरदर्शी अवसंरचना पहलहरुको उल्लेख गर्नु भयो ।

**दिल्ली पुलिस - बांग्लादेशी नागरिक**

दिल्ली पुलिसको **खुफिया शाखा ले** तमिलनाडु पुलिसको समन्वय सित हिज तमिलनाडुको तिरुपुर जिल्लामा छ बांग्लादेशी नागरिकहरुलाई पक्राउ गर्यो । उनीहरु माथि पाकिस्तान स्थित आतंकी संगठनहरुको समर्थनमा सोशल मीडियामा पोस्ट गरेको अनि वैध कागजात बिना भारतमा बसोबास गरेको आरोप रहेको छ । यी गिरफ्तारीहरू उत्तेजक अनलाइन गतिविधिहरू र सीमापारिबाट सञ्चालित कट्टरपन्थी तत्वहरूसँग संदिग्ध संचारको बारेमा विशिष्ट खुफिया जानकारीको आधारमा गरिएको थियो। दिल्ली पुलिसको एक टोली तिरुप्पुर गएको थियो र जिल्ला पुलिसको सहयोगमा तीन स्थानमा एकैसाथ छापा मारेको थियो।

पुलिस सूत्रले बताए अनुसार संदिग्धहरुलाई बिना कुनै गड़बड़ी हिरासतमा लिइएको थियो। पुलिसले तलाशी अवधि आठ मोबाइल फोन अनि 16 सिम कार्ड जफत गरेकोछ। प्रारंभिक जांच अनुसार यी उपकरणहरुको प्रयोग प्रतिबंधित आतंकी संगठनको समर्थन गर्ने सामग्री साझा गर्ने अनि संदिग्ध संचालक सित संपर्क बनाई राख्नको लागि गरिंदै थियो।

**बांग्लादेश - संसद सत्र**

बांग्लादेशको सत्ताधारी दल बांग्लादेश राष्ट्रवादी पार्टी-बीएनपीको एक शीर्ष अधिकारीले बांग्लादेशको नव निर्वाचित 13 औं संसदको पहिलो सत्र मार्चको दोस्रो सप्ताहमा शुरू हुने आशा रहेको बताउनु भएको छ। बीएनपीका प्रवक्ता सलाहुद्दीन अहमदले भन्नु भयो 13औं संसदको पहिलो सत्र 12 मार्च वा त्यसको केहि दिन अघि शुरू हुने संभावना छ।

**नासा-चंद्रमा मिशन**

नासा प्रमुख जेरेड आइज़ैकमानले चंद्रमाको लागि प्रस्तावित आर्टेमिस-2 मिशनको प्रक्षेपण मार्चमा संभव नहुने घोषणा गर्नु भएकोछ। यो मिशन पछिलो 50 भन्दा धैरै वर्षमा चंद्रमाको लागि पहिलो मानवयुक्त फ्लाईबाई मिशन हो।आइज़ैकमानले सोशल मीडिया पोस्टमा भन्नु भएको छ कि स्पेस लॉन्च सिस्टम रॉकेटमा हीलियम प्रवाह सित जोडिएको एक समस्या अघि आएकोछ, जसको कारण मार्चमा लॉन्च विंडो माथि विचार गर्न सकिदैन।

**संशो. क्रिकेट टी20 विश्व कप**

आईसीसी टी–२० विश्वकप क्रिकेटको सुपर ८ चरणको आफ्नो पहिलो खेलमा आज भारत र दक्षिण अफ्रिकाबीच प्रतिस्पर्धा हुँदैछ। खेल अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा साँझ ७ बजेदेखि सुरु हुनेछ। भारत चारवटै खेल जितर आफ्नु ग्रुपमा शीर्ष स्थानमा रह्यो। भारतले अमेरिका पछि नामिबियालाई हरायो अनि पाकिस्तानलाई ६१ रनले पराजित गरेको थियो। समूह चरणको अन्तिम खेलमा नेदरल्यान्ड्सलाई १७ रनले पराजित गरेको थियो। यसैबीच, सुपर ८ को पहिलो खेल हिजो कोलम्बोमा वर्षाका कारण रद्ध भएको छ। न्युजिल्यान्ड र पाकिस्तानबीच भएको खेलमा दुवै टिमले एक–एक अंक बाँडेका थिए।